# लगानी बोर्ड नियमावली, २०६९

लगानी बोर्ड ऐन, २०६८ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी लगानी बोर्डले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "लगानी बोर्ड नियमावली, २०६९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले लगानी बोर्ड ऐन, २०६८ सम्झनु पर्छ ।

(ख) "कार्यकारी प्रमुख" भन्नाले ऐनको दफा १३ को उपदफा (५) बमोजिम नियुक्त कार्यकारी प्रमुख सम्झनु पर्छ ।

(ग) "परियोजना" भन्नाले ऐनको दफा ९ को उपदफा (१) बमोजिम कार्यान्वयन गरिने परियोजना सम्झनु पर्छ र सो शब्दले ऐनको दफा १६ बमोजिमको परियोजना समेतलाई जनाउनेछ ।

(घ) "लगानीकर्ता" भन्नाले परियोजनामा लगानी गर्ने वा लगानी गरेको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "सम्झौता" भन्नाले नियम १६ को उपनियम (१) वा नियम १८ को उपनियम (३) बमोजिम बोर्ड र लगानीकर्ता बीच भएको सम्झौता सम्झनु पर्छ ।

(च) "सदस्य-सचिव" भन्नाले बोर्डको सदस्य- सचिव सम्झनु पर्छ ।

परिच्छेद - २

## बोर्डको बैठक सम्बन्धी कार्यविधिगत व्यवस्था तथा बोर्डको काम

३. **बोर्डको बैठक सम्बन्धी कार्यविधिः** (१) ऐनको दफा ४ को उपदफा (१) बमोजिम बोर्डको बैठक बस्ने मिति, समय र स्थानको सूचना कम्तीमा चौबीस घण्टा अगाडी नै सदस्य-सचिवले बोर्डको प्रत्येक सदस्यलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना दिँदा बैठकको कार्यसूची समेत उपलब्ध गराउनु पर्नेछ ।

(३) बोर्डमा तत्काल कायम रहेका कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बोर्डको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

तर बोर्डको अध्यक्ष वा उपाध्यक्ष उपस्थित नभई बोर्डको बैठक बस्न सक्ने छैन ।

(४) बोर्डको बैठकमा बहुमत सदस्यको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) बोर्डको निर्णय यो प्रयोजनको लागि व्यवस्था गरिएको निर्णय पुस्तिकामा सदस्यहरूको उपस्थिति जनाई अभिलेख गरिनेछ ।

(६) बोर्डको निर्णय उपनियम (५) बमोजिम अभिलेख गर्नु अघि सदस्य-सचिवले त्यसको मसौदा तयार गरी यथाशिघ्र सदस्यहरूको प्रतिक्रियाको लागि पठाउनेछ ।

(७) उपनियम (६) बमोजिम सदस्य-सचिवले पठाएको निर्णयमा कुनै प्रतिक्रिया वा टिप्पणी भए सदस्यले त्यस्तो मसौदा पाएको चौबीस घण्टाभित्र लिखित रुपमा सदस्य-सचिवलाई जानकारी दिनु पर्नेछ ।

(८) उपनियम (७) बमोजिम कुनै सदस्यले बोर्डको निर्णयको मसौदा उपर कुनै टिप्पणी वा प्रतिक्रिया दिएमा सदस्य- सचिवले सो कुरा अध्यक्ष समक्ष पेश गर्नेछ र अध्यक्षले दिएको निर्देशन बमोजिम निर्णय अभिलेख गर्नेछ ।

(९) उपनियम (७) बमोजिम पठाएको निर्णयको मसौदामा कुनै प्रतिक्रिया वा टिप्पणी प्राप्त नभएमा त्यस्तो निर्णयमा सम्बन्धित सदस्यको सहमति भएको मानिनेछ र अभिलेख गरिनेछ ।

(१०) उपनियम (८) वा (९) बमोजिम अभिलेख गरिएको निर्णयको सदस्य-सचिवले यथाशिघ्र कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ ।

४. **जानकारी गराउनु पर्नेः** (१) ऐनको दफा ३ को खण्ड (झ) बमोजिम मनोनयन भएको सदस्यले निजले भाग लिने पहिलो बैठक वा निज मनोनयन भएको पन्ध्र दिन मध्ये जुन पहिलो हुन्छ सो अवधिभित्र देहायका विवरण सदस्य-सचिव मार्फत कार्यालयलाई जानकारी गराउनु पर्नेछः-

(क) बोर्डसँग भएको कुनै ठेक्का पट्टा वा सार्वजनिक खरिदसँग सम्बन्धित कुनै करारमा निज वा निजको एकासगोलको परिवारको कुनै सदस्य पक्ष रहेको वा नरहेको र रहेको भए सोको विवरण,

(ख) नेपालमा भएको कुनै विदेशी लगानीमा निज वा निजको एकासगोलको परिवारको कुनै सदस्य साझेदार कम्पनीको सञ्चालक वा आधारभूत शेयरधनी वा एजेन्ट रहेको वा नरहेको र रहेको भए सोको विवरण,

(ग) ऐनको दफा ९ बमोजिमका परियोजनाका लगानीमा निज वा निजको एकासगोलको परिवारको कुनै सदस्यको हिस्सा वा शेयर रहे वा नरहेको र रहेको भए सोको विवरण ।

(२) उपनियम (१) बमोजिम सदस्यले जानकारी गराएको विषय बोर्डको जानकारीमा ल्याउनु पर्नेछ र बोर्डले लिएपछि जानकारी खाममा राखी सिलबन्दी गरिनेछ ।

(३) उपनियम (२) बमोजिम कुनै सदस्यले जानकारी गराएको विषयमा बोर्डमा प्रश्न उठेको वा अदालतको आदेश बमोजिम बाहेक सो विवरण सार्वजनिक गरिने छैन ।

५. **स्वार्थ बाझिने विषयमा निर्णयमा भाग लिन नहुने**: (१) बोर्डको कार्यसूचीमा समावेश भएको कुनै विषयमा छलफल वा निर्णय गर्दा त्यस्तो विषयमा कुनै सदस्यको निजी स्वार्थ रहेको देखिएमा सम्बन्धित सदस्यले त्यस्तो विषयको छलफल र निर्णय गर्ने बैठकमा उपस्थित हुन हुँदैन ।

(२) उपनियम (१) को प्रयोजनको लागि देहायको कुनै विषयमा छलफल वा निर्णय गर्दा कुनै सदस्य वा निजको एकासगोलको परिवारका कुनै सदस्यको कुनै किसिमको हक, हित, स्वार्थ वा सरोकार रहेमा त्यस्तो सदस्यको निजी स्वार्थ रहेको मानिनेछः-

(क) लगानी छनौट वा सोसँग सम्बन्धित विषय,

(ख) लगानीको अनुमतिपत्र दिने विषय,

(ग) लगानीको अनुमतिपत्र रद्द गर्ने विषय,

(घ) परियोजनाको वातावरणीय प्रभाव अध्ययन वा प्रभाव मूल्याङ्कन सम्बन्धी विषय,

(ङ) परियोजना कार्यान्वयनको अनुगमन सम्बन्धी विषय,

(च) परियोजना हस्तान्तरण वा हस्तान्तरण भएको परियोजनाको सञ्चालन सम्बन्धी विषय,

(छ) परियोजनालाई दिईने थप सुविधा वा लगानीको संरक्षण सम्बन्धी विषय,

(ज) ऐनको दफा ३ को खण्ड (झ) बमोजिमको सदस्यलाई हटाउने सम्बन्धी विषय,

(झ) बोर्डबाट निर्णय हुने अन्य कुनै विषयमा कुनै किसिमले निजी स्वार्थ रहेको विषय ।

६. **गोपनीयता कायम राख्नु पर्ने**: (१) बोर्डका सदस्य, सदस्य- सचिव वा कर्मचारीले पदीय हैसियतमा काम गर्दा निजको जानकारीमा आएको सार्वजनिक भएको वा नभएको कुनै गोप्य सूचना अन्य कुनै व्यक्तिलाई उपलब्ध गराउन वा सोको स्रोत वा भेद खोल्न हुँदैन ।

(२) बोर्डका कुनै सदस्य, सदस्य-सचिव वा कर्मचारीले पदीय हैसियतमा काम गर्दा जानकारीमा आएको कुनै गोप्य सूचना निज वा निजको एकासगोलको परिवारको कुनै सदस्यको लाभ, हित वा फाईदाको लागि प्रयोग गर्न वा गराउन हुँदैन ।

(३) उपनियम (१) वा (२) प्रतिकूल हुने गरी कुनै सदस्य, सदस्य- सचिव वा कर्मचारीले कुनै काम गरेमा निजले पदीय आचरण पालना नगरेको मानिनेछ ।

७. **लगानी प्रबर्धन सम्बन्धी बोर्डको काम, कर्तव्य र अधिकार**: ऐनको दफा ५ मा उल्लेख भएका कामका अतिरिक्त लगानी प्रवर्धन सम्बन्धी बोर्डको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपालमा प्रत्यक्ष विदेशी लगानी गर्न विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थालाई आग्रह वा आमन्त्रण गर्ने,

(ख) नेपालमा प्रत्यक्ष विदेशी लगानी बढाउन नेपालमा वा विभिन्न मुलुकमा लगानी सम्मेलन, कार्यशाला वा लगानी मेला आयोजना गर्ने,





नेपाल कानून आयोग

(ग) लगानीसँग सम्बन्धित ऐन, नियम वा नीतिको नियमित रुपमा सुधार गर्न र नेपाल कानूनलाई लगानीमैत्री बनाउन आवश्यक सुझाव सहित सम्बन्धित मन्त्रालय वा निकायलाई सिफारिस गर्ने,

(घ) लगानीको अनुमतिपत्र प्राप्त गर्ने वा त्यसको नवीकरण गर्ने, व्यावसायिक प्रतिष्ठान (कम्पनी) संस्थापना गर्ने, रकम फिर्ता लैजाने वा रकम स्थानान्तरण जस्ता कार्यविधिलाई सरलीकरण गर्न आवश्यक व्यवस्था गरी नेपाललाई आकर्षक लगानी केन्द्रको रुपमा विकास गर्ने,

(ङ) कर, भन्सार वा अन्य सरकारी दस्तुरको भुक्तानी वा लगानीकर्ताले परियोजनाका लागि पैठारी गर्ने मेशिन, उपकरण वा औजारको पैठारी गर्न सहजीकरण गर्ने,

(च) लगानी प्रवर्धनका क्षेत्रमा देखिएका समस्या समाधान वा लगानीका क्षेत्रलाई अझ बढी आकर्षक बनाउन लगानीकर्ताका प्रतिनिधि संस्थाका पदाधिकारीसँग समय समयमा अन्तरक्रिया, छलफल वा विचार आदन प्रदान गर्ने ।

## परिच्छेद-३

## लगानीयोग्य परियोजना तथा परियोजनाको छनौट

८. **लगानीयोग्य परियोजनाको सूची तयार गर्नेः** (१) कार्यालयले ऐनको दफा ९ बमोजिमका लगानीयोग्य परियोजनाको सुची तयार गरी स्वीकृतिका लागि बोर्ड समक्ष सिफारिस पेश गर्नेछ ।

(२) उपनियम (१) बमोजिम सिफारिस भएको सूची मध्येबाट बोर्डले प्रतिस्पर्धात्मक वा प्राथमिकताको क्षेत्र छनौट गरी त्यस्ता परियोजना स्वीकृत गर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रतिस्पर्धात्मक क्षेत्र छनौट गरिएको परियोजना भए यस परिच्छेद बमोजिम प्रतिस्पर्धा गराई छनौट भएको परियोजनालाई लगानी अनुमति दिईनेछ ।

(४) उपनियम (२) बमोजिम स्वीकृत भएका परियोजनाको सूची कार्यालयले बोर्डको वेवसाईटमा राखी राष्ट्रिय स्तरका पत्रपत्रिकामा समेत प्रकाशन गरी सार्वजनिक गर्नेछ ।

९. **मनसायपत्र आव्हान गर्नेः** (१) कार्यालयले बोर्डबाट नियम ८ को उपनियम (२) बमोजिम प्रतिस्पर्धाका लागि स्वीकृत भएको परियोजनाका सम्बन्धमा देहायका विवरण

खुलाई त्यस्तो परियोजना कार्यान्वयन गर्न कम्तीमा एक्काईस दिनको म्याद दिई इच्छुक लगानीकर्ताहरूबाट मनसायपत्र पेश हुन सार्वजनिक रुपमा सूचना प्रकाशन गरी आव्हान गर्नेछः-

(क) परियोजनाको संक्षिप्त विवरण,

(ख) परियोजनाको सम्भाव्यता अध्ययन, सर्वेक्षण वा विस्तृत डिजायन भएको भए सोको संक्षिप्त विवरण,

(ग) परियोजनाको सम्भाव्यता अध्ययन नभएको भए आर्थिक, प्राविधिक वा वातावरणीय रुपमा परियोजना सम्भाव्य हुन सक्ने आधारहरू,

(घ) परियोजना कार्यान्वयन गर्दा दिईने सुविधा र सहुलियतको विवरण,

(ङ) परियोजना कार्यान्वयनको तरिका,

(च) मनसायपत्र छनौट हुने आधार,

(छ) मनसायपत्र खोलिने मिति र स्थान,

(ज) मनसायपत्र उपर निर्णय हुने अनुमानित मिति,

(झ) सम्बन्धित परियोजनाको प्रकृति अनुसार अन्य आवश्यक विवरण ।

(२) उपनियम (१) बमोजिमको सूचना बोर्डको वेवसाईटमा पनि राखिनेछ र त्यसलाई आवश्यकता अनुसार राष्ट्रियस्तरको पत्र पत्रिकामा समेत प्रकाशन गरिनेछ ।

(३) उपनियम (१) बमोजिम आव्हान भएकोमा इच्छुक लगानीकर्ताले देहायको विवरण खुलाई निर्धारित अवधिभित्र मनसायपत्र कार्यालय समक्ष पेश गर्नु पर्नेछः-

(क) मनसायपत्र पेश गर्ने व्यक्तिको विवरण,

(ख) मनसायपत्र पेश गर्ने व्यक्तिको परियोजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा प्राविधिक क्षमता,

(ग) मनसायपत्र पेश गर्ने व्यक्तिले परियोजना कार्यान्वयन गर्दा गर्ने लगानीको वित्तीय श्रोत,

(घ) परियोजना कार्यान्वयनको व्यावसायिक योजना,

(ङ) उपनियम (१) को खण्ड (झ) मा उल्लिखित अन्य आवश्यक विवरण।

(४) उपनियम (३) बमोजिम मनसाय पेश गर्ने म्याद समाप्त भएको पन्ध्र दिनभित्र कार्यालयले पेश भएका मनसायपत्रहरूको मूल्याङ्कन तथा विश्लेषण गर्नेछ।

(५) उपनियम (४) बमोजिम मूल्याङ्कन तथा विश्लेषण गरी उपयुक्त देखिएका मनसायपत्रहरू छनौट गरी इच्छुक लगानीकर्ताको संक्षिप्त सूची (शर्ट लिस्ट) तयार गर्नेछ।

(६) उपनियम (५) बमोजिम प्रस्ताव मूल्याङ्कन तथा विश्लेषण गर्दा आवश्यक देखेमा कार्यालयले नियम ३६ को उपनियम (१) बमोजिम गठीत विशेषज्ञहरूको सहयोग लिन सक्नेछ।

(७) उपनियम (४) वा (५) बमोजिम परियोजनाको प्रस्ताव विश्लेषण गर्दा बोर्डबाट स्वीकृत मापदण्ड बमोजिम गर्नु पर्नेछ।

(८) उपनियम (४) बमोजिम संक्षिप्त सूची तयार भएपछि मनसायपत्र पेश गर्ने लगानीकर्तालाई उपनियम (५) बमोजिमको सूचीमा समावेश भए वा नभएको जानकारी त्यस्तो सूची तयार भएको मितिले तीनदिन भित्र दिईनेछ।

१०. **प्रस्ताव आव्हान गर्ने:** (१) कार्यालयले नियम ९ को उपनियम (५) बमोजिमको संक्षिप्त सूचीमा समावेश भएका लगानीकर्ताहरूबाट प्रतिस्पर्धाका आधारमा परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा देहायका कुराहरू खुलाई कम्तीमा पैतालीस दिनको म्याद दिई अंग्रेजी र नेपाली भाषामा राष्ट्रिय स्तरका समाचार पत्रमा सूचना प्रकाशन गरी परियोजना कार्यान्वयनको प्रस्ताव आव्हान गर्नेछः-

(क) प्रस्ताव सम्बन्धी कागजात भए सो खरिद गर्ने ठाउँ र सोको दस्तुर,

(ख) प्रस्ताव पठाउने तरीका,

(ग) प्रस्ताव बुझाउने ठाउँ र मिति,

(घ) प्रस्ताव बुझाउने अन्तिम मिति,

(ङ) प्रस्ताव खोलिने ठाउँ र मिति,

(च) प्रस्ताव उपर निर्णय गरिने मिति,

(छ) प्रस्ताव मूल्याङ्कन गर्ने र छनौट गर्ने आधार,

(ज) अन्य आवश्यक कुरा ।

(२) उपनियम (१) बमोजिमको सूचना बोर्डको वेवसाईटमा पनि राखिनेछ र त्यसलाई आवश्यकता अनुसार राष्ट्रियस्तरको पत्रपत्रिकामा समेत प्रकाशन गरिनेछ ।

(३) कार्यालयले प्रस्ताव सम्बन्धी कागजात तयार गरेको भए लगानीकर्ताले त्यस्तो कागजात खरिद गरी कागजात अनुरुप प्रस्ताव पेश गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको कागजात खरिद गर्दा बोर्डले समय समयमा निर्धारण गरेको दस्तूर लाग्नेछ ।

११. **प्रस्ताव पेश गर्ने**: (१) नियम १० को उपनियम (१) बमोजिम प्रस्ताव आव्हान भएकोमा प्रस्ताव पेश गर्न चाहनेले नियम ९ को उपनियम (५) मा सूचीकृत भएका लगानीकर्ताले देहायको विवरण खुलाई त्यस्तो आव्हानमा उल्लिखित अवधिभित्र देहायका विवरण खुलाई कार्यालय समक्ष प्रस्ताव पेश गर्नेछः-

(क) परियोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन,

(ख) परियोजनाको प्राविधिक डिजायन र त्यसको दीगोपना,

(ग) परियोजनाको अनुमानित लागत,

(घ) परियोजनाको प्रस्तावित वित्तीय स्रोत,

(ङ) परियोजना कार्यान्वयनको व्यावसायिक योजना,

(च) परियोजनाको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन,

(छ) परियोजना कार्यान्वयन भएपछि त्यसका उपभोक्ताबाट असूल गर्ने अनुमानित महसुलको विवरण,

(ज) परियोजना कार्यान्वयन गरेपछि सरकारलाई बुझाउने रोयल्टी वा शुल्कको अनुमानित विवरण ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव पेश गर्दा लगानीकर्ताले कार्यालयबाट प्रस्ताव सम्बन्धी कागजात खरिद गर्नु पर्ने भए त्यस्तो कागजातमा सो उपनियममा उल्लिखित

विवरणहरू खुलाई प्राविधिक र आर्थिक प्रस्तावहरू छुट्टा छुट्टै खाममा सिलबन्दी गरी दुवै खामलाई अर्को छुट्टै खाममा राखी पुनः सिलबन्दी गरी कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कार्यालयमा प्रस्ताव बुझाएको पन्ध्र दिनभित्र प्राविधिक प्रस्ताव खोली बोर्डबाट स्वीकृत मापदण्डको आधारमा विशेषज्ञहरूबाट मूल्याङ्कन गराई प्राविधिक दृष्टिकोणबाट उपयुक्त देखिएका प्रस्तावहरू स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राविधिक प्रस्ताव अस्वीकृत भएका प्रस्तावको आर्थिक प्रस्ताव खोलिने छैन र त्यस्ता प्रस्तावका प्रस्तावकलाई त्यस्तो प्रस्ताव फिर्ता लिन प्राविधिक प्रस्ताव स्वीकृत भएको मितिले तीन दिनभित्र सूचना दिनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम प्राविधिक प्रस्ताव स्वीकृत भएका प्रस्तावकलाई आर्थिक प्रस्ताव खोलिने ठाउँ, मिति र समय खुलाई सो ठाउँ मिति र समयमा उपस्थित हुन सूचना दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको मिति, समय र स्थानमा सम्बन्धित प्रस्तावक वा निजको प्रतिनिधिको रोहवरमा आर्थिक प्रस्ताव खोलिनेछ,

तर सम्बन्धित प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र प्रस्ताव खोलिने काम रोकिने छैन ।

(७) उपनियम (६) बमोजिम प्रस्ताव खोल्दा प्रस्ताव रीतपूर्वक दाखिला भए वा नभएको सो स्पष्ट हुने गरी मुचुल्का खडा गरी उपस्थित लगानीकर्ता वा निजको प्रतिनिधिको सहीछाप गराउनु पर्नेछ ।

(८) उपनियम (६) बमोजिम खोलिएका प्रस्तावहरूको कार्यालयले मूल्याङ्कन तथा विश्लेषण गरी एक महिनाभित्र सोको प्रतिवेदन बोर्ड समक्ष स्वीकृतिको लागि पेश गर्नेछ ।

१२. **मनसायपत्र वा प्रस्ताव आव्हानको सूचना संशोधन गर्न सकिने:** (१) नियम ९ र १० बमोजिम सार्वजनिक गरिएको क्रमशः मनसायपत्र र प्रस्ताव आव्हानको सूचनामा उल्लिखित कुनै विवरण संशोधन गर्नु परेमा सार्वजनिक सूचना प्रकाशन गरी त्यस्तो विवरण संशोधन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम मनसायपत्र वा प्रस्ताव आव्हानको सूचनामा उल्लिखित विवरण संशोधनको सूचना प्रकाशन गर्दा मनसायपत्र वा प्रस्ताव पेश गर्ने

अवधि क्रमशः पन्ध्र दिन र एक्काईस दिन भन्दा कम भएकोमा मनसायपत्र वा प्रस्ताव पेश गर्ने अवधि स्वतः क्रमशः पन्ध्र दिन र एक्काईस दिन कायम भएको मानिनेछ ।

१३. **प्रस्ताव छनौट गर्ने**: (१) नियम ११ को उपनियम (८) बमोजिम कार्यालयले बोर्ड समक्ष प्रस्तावको मूल्याङ्कन तथा विश्लेषण गरी प्रतिवेदन पेश गरेको पन्ध्र दिनभित्र बोर्डले प्रस्ताव छनौट गर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव छनौट गर्दा अन्य कुराको अतिरिक्त देहायको आधारमा सबभन्दा बढी उपयुक्त देखिएको प्रस्तावलाई छनौट गर्नेछः-

(क) प्राविधिकरुपमा आकर्षक डिजाइन र परियोजनाको दीगोपना कायम गर्ने,

(ख) परियोजना कार्यान्वयनको आकर्षक व्यावसायिक योजना प्रस्ताव गर्ने,

(ग) परियोजना कार्यान्वयन भएपछि नेपाल सरकारलाई सबभन्दा बढी रोयल्टी वा दस्तुर भुक्तानी गर्ने,

(घ) परियोजना कार्यान्वयन भएपछि उपभोक्ताहरूबाट सबभन्दा कम महसुल असूल गर्ने,

(ङ) वातावरणीय रुपमा न्यून क्षति पु-याउने र परियोजना प्रभावित परिवार र क्षेत्रलाई आकर्षक राहत प्रस्ताव गर्ने ।

(३) उपनियम (२) बमोजिम प्रस्ताव छनौट भएपछि कार्यालयले त्यसको सूचना प्रस्ताव पेश गर्ने लगानीकर्ताहरूलाई तीनदिन भित्र दिनु पर्नेछ ।

१४. **वार्ता गर्ने**: नियम १३ को उपनियम (२) बमोजिम छनौट भएको प्रस्ताव पेश गर्ने लगानीकर्तासँग बोर्डबाट स्वीकृत शर्तहरूको अधीनमा रही कार्यालयले परियोजनाका विभिन्न पक्षहरूको विषयमा वार्ता गर्नेछ ।

१५. **वार्ताबाट परियोजना कार्यान्वयन गर्न सकिने**: (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १६ को अवस्थामा बोर्डले कुनै लगानीकर्तासँग सोझै वार्ता गरी परियोजनामा लगानी गर्ने अनुमति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम वार्ताबाट परियोजना कार्यान्वयन गर्न चाहने व्यक्तिले नियम ११ को उपनियम (१) बमोजिमको विवरण खुलाई बोर्ड समक्ष नियम १७ को उपनियम (१) बमोजिम निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको निवेदनसँग सम्बन्धित विवरण अध्ययन गर्दा प्रस्तावित परियोजनाको सम्भाव्यता र प्रस्तावकको परियोजना कार्यान्वयन गर्न सक्ने आर्थिक तथा प्राविधिक क्षमता देखिएमा बोर्डले त्यस्तो प्रस्तावकलाई वार्ताको लागि आमन्त्रण गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम वार्ता गर्दा प्रस्तावकबाट परियोजना कार्यान्वयन हुन सक्ने मनासिव आधार देखिएमा कार्यालयले सम्बन्धित लगानीकर्तासँग परियोजना कार्यान्वयनका विभिन्न पक्षहरू उपर वार्ता गर्नेछ ।

(५) उपनियम (४) बमोजिम वार्ता गर्दा सफलतापूर्वक वार्ता सम्पन्न भएमा कार्यालयको सिफारिसमा बोर्डले त्यस्तो प्रस्तावकलाई परियोजना कार्यान्वयनका लागि लगानी गर्ने अनुमति दिनेछ ।

१६. **सम्झौता गर्ने**: (१) नियम १४ वा नियम १५ को उपनियम (५) बमोजिम सफलतापूर्वक वार्ता सम्पन्न भएकोमा बोर्डको स्वीकृति लिई कार्यालयले बोर्डको तर्फबाट सम्बन्धित लगानीकर्तासँग परियोजना लगानी सम्झौता गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सम्झौतामा अन्य कुराको अतिरिक्त बोर्डबाट स्वीकृत लगानीका शर्तहरू उल्लेख गरिने छन् ।

(३) उपनियम (१) बमोजिम सम्झौता भएकोमा बोर्डले ऐन बमोजिम परियोजना लगानी स्वीकृत गरेको मानिनेछ ।

(४) उपनियम (३) बमोजिम लगानी स्वीकृत भएको परियोजनाको लगानीकर्तालाई यस नियम बमोजिम भएको सम्झौता सहित निजले बोर्डसमक्ष निवेदन गरेमा बोर्डले नियम १९ को उपनियम (४) बमोजिम लगानी अनुमतिपत्र दिनेछ ।

## परिच्छेद-४

## लगानी अनुमति तथा परियोजना कार्यान्वयन सम्बन्धी व्यवस्था

१७. **लगानी अनुमतिका लागि निवेदन दिन सकिने**: (१) नियम ८ को उपनियम (२) बमोजिम परियोजना स्वीकृत गर्दा प्राथमिकता प्राप्त परियोजनाका रुपमा छनौट भएको



नेपाल कानून आयोग

वा ऐनको दफा ९ को उपदफा (१) मा उल्लेख भएको तर बोर्डबाट छनौट भइ नसकेको वा सोही उपदफाको खण्ड (ङ) बमोजिमको कुनै पनि परियोजनामा लगानी गर्न चाहने कुनै पनि व्यक्तिले परियोजना लगानीको प्रस्ताव सहित बोर्ड समक्ष अनूसूची-१ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा सम्बन्धित लगानीकर्ताले नियम ११ को उपनियम (१) बमोजिमको विवरण संलग्न गरेको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम निवेदन दिंदा दश हजार रुपैयाँ निवेदन दस्तुर वापत बोर्ड समक्ष दाखिला गर्नु पर्नेछ ।

१८. **निवेदकलाई जानकारी दिनु पर्नेः** (१) नियम १७ बमोजिम निवेदन प्राप्त भएकोमा ऐनको दफा १० बमोजिमको कार्यविधि पूरा गर्दा निवेदन माग बमोजिम परियोजना लगानी स्वीकृति भएको वा अस्वीकृत भएको जानकारी बोर्डले अनूसूची-२ को ढाँचामा निवेदकलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिनु पर्ने जानकारी निवेदकलाई पत्र बुझाई वा विद्युतीय सञ्चार माध्यम मार्फत दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम जानकारी गराउँदा निवेदन माग बमोजिम परियोजना लगानी स्वीकृति भएकोमा त्यस्तो जानकारी गराएको सात दिनभित्र नियम १६ को उपनियम (१) बमोजिम परियोजना लगानी सम्झौता गर्नु पर्नेछ ।

१९. **अनुमतिपत्र प्रदान गर्नेः** (१) नियम १६ को उपनियम (१) वा नियम १८ को उपनियम (३) बमोजिम परियोजना लगानी सम्झौता भएकोमा त्यस्तो सम्झौता भएको दश दिनभित्र सम्बन्धित लगानीकर्ताले सम्झौताको प्रतिलिपि सहित अनुमतिपत्र प्राप्त गर्नका लागि कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) कुनै लगानीकर्ताले उपनियम (१) बमोजिमको अवधिभित्र अनुमतिपत्र लिन कार्यालयमा निवेदन दिन मनासिव कारण देखाई आउन नसक्ने भएमा कारण खुलाई बोर्ड समक्ष अनुमतिपत्र लिने म्याद थप गर्न निवेदन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन परेकोमा कारण मनासिव देखिएमा बोर्डले एक महिनामा नबढाई म्याद थप गर्न सक्नेछ ।

(४) उपनियम (१) वा (३) बमोजिम थपिएको म्यादभित्र सम्पर्क राख्ने लगानीकर्तालाई तीन दिनभित्र कार्यालयले बोर्डको तर्फबाट अनूसूची-३ को ढाँचामा परियोजना लगानीको अनुमतिपत्र प्रदान गर्नेछ ।

(५) बोर्डले परियोजना लगानी स्वीकृत गर्दा ऐनको दफा १० को उपदफा (८) बमोजिम शर्त सहित स्वीकृत गरेको भए सम्बन्धित लगानीकर्ताले उपनियम (१) बमोजिम अनुमतिपत्र प्राप्त गर्न कार्यालयमा निवेदन दिँदा त्यस्तो शर्त पूरा गरेको वा पूरा गर्ने प्रतिवद्धता सहितको जानकारी कार्यालयलाई दिएको हुनु पर्नेछ ।

(६) उपनियम (४) बमोजिम अनुमतिपत्र प्रदान गर्दा कार्यालयले परियोजनाको प्रकृति अनुसार प्रचलित कानून बमोजिम परियोजना कार्यान्वयन गर्दा भुक्तानी गर्नु पर्ने अनुमतिपत्र दस्तुरका अतिरिक्त सम्बन्धित लगानीकर्ताबाट एक लाख रुपैयाँ वा परियोजना लागतको ०.२०% (सून्य दशमलव दुई सून्य प्रतिशत) मध्ये जुन बढी हुन्छ सो रकम अनुमतिपत्र वापत नेपाल सरकार समक्ष दाखिला गराउनु पर्नेछ ।

तर प्रचलित कानून बमोजिम त्यस्तो दस्तूर नेपाल सरकार बाहेकका अन्य निकायमा दाखिला गर्नु पर्ने रहेछ भने सो हदसम्मको रकम त्यस्तो निकायमा नै बुझाउनु पर्नेछ ।

२०. **परियोजना वा कम्पनी दर्ता गर्नु पर्ने:** (१) नियम १९ को उपनियम (४) बमोजिम लगानीको अनुमतिपत्र प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित लगानीकर्ताले कम्पनी संस्थापना गर्नका लागि कम्पनी रजिष्ट्रार कार्यालय समक्ष र परियोजना कार्यान्वयन गर्नका लागि पूर्वाधार संरचना सम्बन्धी परियोजना भए भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय, उत्पादनमूलक परियोजना भए औद्योगिक प्रवर्धन बोर्ड र अन्य परियोजना भए सम्बन्धित निकाय समक्ष परियोजना दर्ता गर्न निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारण परी सम्बन्धित लगानीकर्ताले सो अवधिभित्र कम्पनी संस्थापना गर्न वा परियोजना दर्ता गराउन निवेदन गर्न नसकेमा म्याद थप गर्नका लागि बोर्ड समक्ष निवेदन गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन पर्न आएमा कारण मनासिव देखिएमा बोर्डले एक महिनामा नबढाई कम्पनी संस्थापना गर्न वा परियोजना दर्ता गराउन निवेदन गर्न म्याद थप गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा वा बोर्डबाट लेखि आएमा कम्पनी रजिष्ट्रार कार्यालय, सम्बन्धित मन्त्रालय, औद्योगिक प्रवर्धन बोर्ड वा सम्बन्धित निकायले सो अवधिभित्र प्रचलित कानून बमोजिम कम्पनी र परियोजना दर्ता गरी दिनु पर्नेछ ।

२१. **अनुमतिपत्रको अवधिः** (१) अनुमतिपत्रको अवधि सम्झौतामा व्यवस्था भए बमोजिम बढीमा तीस वर्षको हुनेछ ।

तर-,

(क) ऐनको दफा ९ को खण्ड (छ) बमोजिम हुने लगानीको अवधि तोकिने छैन ।

(ख) बोर्डले लगानीको प्रकृतिलाई दृष्टिगत गरी विभिन्न क्षेत्रका लगानीका लागि अनुमतिपत्रको फरक फरक अवधि तोक्न सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्रको अवधि बढाउन सकिने गरी सम्झौतामा व्यवस्था भएकोमा त्यस्तो अवधि बढाउनु पर्ने मनासिव कारण भई लगानीकर्ताले निवेदन दिएमा बोर्डले अनुमतिपत्रको अवधि बढाउनु पर्ने कारण खुलाई बढीमा पाँच वर्षसम्म अनुमतिपत्रको अवधि बढाउन सक्नेछ ।

२२. **कार्य सम्पादन जमानत दाखिला गर्नु पर्नेः** (१) लगानीकर्ताले नियम १९ को उपनियम (४) बमोजिम लगानी अनुमति प्राप्त गर्दाका वखत परियोजना कार्यान्वयन गर्ने कुरा सुनिश्चित गर्नका लागि परियोजनाको कूल लागत अनुमानको ०.१% (शुन्य दशमलव एक प्रतिशत) रकम वा सो बराबरको बैंक जमानत कार्य सम्पादन जमानत (परफरमेन्स बोण्ड) बापत बोर्ड समक्ष पेश गर्नु पर्नेछ ।

(२) लगानीकर्ताले मनासिव कारणबिना सम्झौतामा उल्लिखित अवधिभित्र परियोजना निर्माण वा कार्यान्वयन गर्न प्रारम्भ नगरेमा वा मनासिव कारणविना परियोजना निर्माण वा कार्यान्वयनको उपलब्धि वा सूचक हासिल नगरेमा उपनियम (१) बमोजिम दाखिला गरेको कार्य सम्पादन जमानत जफत हुनेछ ।

२३. **वातावरणीय प्रभाव अध्ययन वा मूल्याङ्कन गर्नु पर्नेः** (१) कुनै परियोजनाको प्रकृति बमोजिम त्यस्तो परियोजना कार्यान्वयन गर्न त्यस्तो परियोजनाको वातावरणीय प्रभाव अध्ययन वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने भएमा सम्बन्धित लगानीकर्ताले

परियोजना लगानी स्वीकृत भएको जानकारी प्राप्त गरेको मितिले ऐनको दफा १० को उपदफा (१२) को अवधिभित्र त्यस्तो परियोजनाको वातावरणीय प्रभाव अध्ययन वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु वा गराउनु पर्नेछ ।

**स्पष्टीकरण:** यस नियमको प्रयोजनको लागि "वातावरणीय प्रभाव अध्ययन" र "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले वातावरण संरक्षण नियमावली, २०५४ बमोजिम हुने क्रमशः "प्रारम्भिक वातावरणीय परीक्षण" र "वातावरणीय प्रभाव मूल्याङ्कन" सम्झनु पर्छ ।

(२) ऐनको दफा ९ बमोजिमका कुनै परियोजनाको उपनियम (१) बमोजिम वातावरणीय प्रभाव अध्ययन वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा वा गराउँदा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गराउनु पर्ने छैन र वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रिया र स्वीकृति प्रक्रिया ऐनको दफा १० को उपदफा (१२) र यस नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम गरिने वातावरणीय प्रभाव अध्ययन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको विषयवस्तु र ढाँचा अनुसूची-४ बमोजिम हुनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदन पेश गर्दा त्यस्तो प्रतिवेदन तयार गर्ने टोलीका सदस्यले अनुसूची-५ बमोजिमको ढाँचामा गरेको उद्घोषण प्रतिवेदनमा संलग्न गरेको हुनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिमको प्रतिवेदनको तयारी गर्दा ऐन तथा यस नियमावलीमा लेखिए बाहेकका अन्य कुरामा वातावरण संरक्षण नियमावली, २०५४ बमोजिमको कार्यविधि अवलम्वन गर्नु पर्नेछ ।

(६) उपनियम (३) वा (४) बमोजिम तयार भएको प्रतिवेदनको तेह्रप्रति कार्यालयमा पेश गर्नु पर्नेछ र कार्यालयले सो प्रतिवेदन उपर आवश्यक जाँचबुझ गरी कुनै निकायबाट कुनै कुरा बुझ्नु पर्ने वा राय लिनु पर्ने भए सो समेत लिई सो राय वा सुझाव र आफ्नो सिफारिस सहित प्रतिवेदनको बाह्र प्रति स्वीकृतिका लागि वातावरण मन्त्रालयमा पठाउनेछ ।

(७) उपनियम (६) बमोजिम वातावरणीय प्रभाव अध्ययन वा प्रभाव मूल्याङ्कन प्रतिवेदन पठाउँदा प्रचलित कानून बमोजिम अन्य कुनै कुरा समावेश गर्नु पर्ने रहेछ भने सो समेत कार्यालयले पठाउनु पर्नेछ।

(८) उपनियम (६) बमोजिम प्राप्त भएको वातावरणीय प्रभाव अध्ययन वा प्रभाव मूल्याङ्कन प्रतिवेदन उपर अध्ययन र छलफल गरी प्रतिवेदनमा राय वा सुझाव लिन वातावरण मन्त्रालयले अनुसूची- ६ मा उल्लेख भए बमोजिमको एक वातावरणीय विज्ञ समिति गठन गरी सो समितिको कार्यक्षेत्रगत शर्तहरू (टर्म्स् अफ रेफरेन्स) निर्धारण गर्नेछ।

(९) उपनियम (८) बमोजिम वातावरणीय प्रभाव अध्ययन वा प्रभाव मूल्याङ्कन प्रतिवेदन उपर अध्ययन वा छलफल गर्दा लगानीकर्ता वा निजको तर्फबाट निजको परामर्शदाताले वातावरणीय प्रभाव अध्ययन वा प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित आधारभूत कुराका सम्बन्धमा वातावरणीय विज्ञ समितिको बैठकमा प्रस्तुत (प्रेजेन्टेशन) गर्नु पर्नेछ।

(१०) उपनियम (८) बमोजिमको समितिले वातावरणीय प्रभाव अध्ययन वा प्रभाव मूल्याङ्कन प्रतिवेदन अध्ययन र छलफल गरी आफ्नो राय वा सुझाव सहित प्राप्त प्रतिवेदन स्वीकृत वा अस्वीकृत गर्न सिफारिस गर्नेछ।

(११) वातावरण मन्त्रालयले उपनियम (१०) बमोजिम सिफारिस भएकोमा वातावरणीय विज्ञ समितिको राय वा सुझाव समेतको आधारमा पाँच दिनभित्र प्रतिवेदन परिमार्जन गर्नका लागि लगानीकर्ता (प्रस्तावक) लाई जानकारी गराउनेछ र लगानीकर्ताले पनि सो अवधिभित्र आफूले पेश गरेको प्रतिवेदन परिमार्जन गरी पेश गर्नु पर्नेछ।

(१२) उपनियम (११) बमोजिम वातावरणीय प्रभाव अध्ययन वा प्रभाव मूल्याङ्कन प्रतिवेदन परिमार्जन भई पेश भएमा वातावरण मन्त्रालयले वातावरणीय विज्ञ समितिको सिफारिस वा सुझाव समेतलाई दृष्टिगत गरी शर्त सहित वा शर्त नराखी सो प्रतिवेदन स्वीकृत गर्नु पर्नेछ।

(१३) उपनियम (८) बमोजिमको वातावरणीय विज्ञ समितिका सदस्यहरूले आफ्नो कार्य सम्पादन गर्दा वातावरण मन्त्रालयबाट निर्धारण भए बमोजिमको पारिश्रमिक र अन्य सुविधा प्राप्त गर्ने छन्।

२४. **<u>परियोजना कार्यान्वयनको अनुगमनः</u>** (१) नियम १६ को उपनियम (१) बमोजिम लगानीकर्तासँग हुने सम्झौतामा अन्य कुराको अतिरिक्त परियोजना कार्यान्वयनको अवधि उल्लेख गरी त्यस्तो अवधिभित्र परियोजना कार्यान्वयनका सूचक वा उपलब्धिहरू आवधिक रुपमा देखिने गरी कार्यतालिका उल्लेख गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्यतालिका व्यवस्था भएकोमा कार्यालयले त्यस्तो कार्यतालिका बमोजिम परियोजना निर्माण, कार्यान्वयन वा सञ्चालन भई सूचक वा उपलब्धि हासिल भए वा नभएको सम्बन्धमा नियमित अनुगमन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुगमन गर्दा कार्यतालिका बमोजिम परियोजना निर्माण, कार्यान्वयन वा कार्यान्वयनको सूचक नदेखिएको वा उपलब्धि हासिल नभएको देखिएमा कार्यालयले सात दिनको म्याद दिई परियोजनाको लगानीकर्ताबाट परियोजना निर्माण, कार्यान्वयन वा सञ्चालन हुन नसकेको सम्बन्धमा स्पष्टीकरण माग गर्नेछ ।

(४) उपनियम (३) बमोजिम कार्यालयले स्पष्टीकरण माग गरेकोमा उपनियम (१) बमोजिमको कार्यतालिका बमोजिम परियोजना कार्यान्वयन हुन नसकेको कारण खुलाई सम्बन्धित लगानीकर्ताले कार्यालय समक्ष निर्धारित अवधिभित्र स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(५) सम्बन्धित लगानीकर्ताले उपनियम (४) बमोजिम स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण मनासिब नदेखिएमा कार्यालयले बढीमा तीन महिनासम्मको वा सम्झौतामा उल्लेख भए बमोजिमको म्याद दिई त्यस्तो म्यादभित्र कार्यतालिका बमोजिम परियोजना निर्माण, कार्यान्वयन वा सञ्चालन गर्न सक्ने गरी सुधार गर्ने मौका दिनेछ ।

(६) उपनियम (५) बमोजिम सुधार गर्ने मौका दिएकोमा सुधार गर्ने अवधिभित्र सम्बन्धित लगानीकर्ताले कार्यतालिका बमोजिम परियोजना निर्माण, कार्यान्वयन वा सञ्चालन हुन सक्ने गरी परियोजनाको व्यवस्थापन गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम परियोजनाको व्यवस्थापन गर्न नसकेमा वा व्यवस्थापन गरेको भए तापनि उपनियम (५) बमोजिम कार्यालयबाट दिएको म्यादभित्र परियोजना कार्यान्वयनमा सुधार भएको सूचक वा उपलब्धि हासिल हुन नसकेमा कार्यालयले त्यस्तो लगानीकर्तालाई थप तीन महिनासम्मको म्याद दिई सो म्यादभित्र बोर्डबाट कार्यतालिका स्वीकृत गराई परियोजना कार्यान्वयन गर्न ऐनको दफा ७ को खण्ड (छ) बमोजिम सचेत गराउनेछ ।

(८) उपनियम (७) बमोजिम सचेत गराइएकोमा सचेत गराउँदाका बखत दिईएको म्यादभित्र सम्बन्धित लगानीकर्ताले परियोजना निर्माण, कार्यान्वयन वा सञ्चालनको कार्यतालिका बोर्डबाट स्वीकृत गराई स्वीकृत कार्यतालिका बमोजिम परियोजना कार्यान्वयन गर्नु पर्नेछ ।

(९) उपनियम (८) बमोजिम कार्यतालिका स्वीकृत नगराएको वा स्वीकृत कार्यतालिका बमोजिम परियोजना निर्माण, कार्यान्वयन वा सञ्चालन नगरेको वा परियोजना कार्यान्वयन भए तापनि कार्यतालिका बमोजिमको सूचक वा उपलब्धि हासिल गर्न नसकेकोमा परियोजनामा भएको लगानी कार्यालयले अनुमति रद्द गर्न कारण र आधार खुलाई बोर्ड समक्ष सिफारिस पेश गर्नेछ ।

(१०) उपनियम (९) बमोजिम सिफारिस पेश भएकोमा बोर्डले परियोजनामा भएको लगानीको अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

२५. **<u>परियोजना कार्यान्वयन प्रारम्भ नगरेमा अनुमतिपत्र रद्द हुने</u>**: (१) लगानीकर्ताले सम्झौतामा उल्लिखित अवधिभित्र परियोजना कार्यान्वयन गर्न प्रारम्भ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र परियोजना कार्यान्वयन गर्न प्रारम्भ गर्न नसकिने मनासिव कारण भएमा त्यस्तो कारण खुलाई सम्बन्धित लगानीकर्ताले त्यस्तो अवधि भुक्तान नहुँदै सो अवधिको म्याद बढाउन बोर्ड समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन दिएकोमा निवेदन व्यहोरा मनासिव देखिएमा बोर्डले परियोजना कार्यान्वयन गर्न प्रारम्भ गर्ने उपयुक्त अवधि बढाउन सक्नेछ ।

(४) उपनियम (२) बमोजिम निवेदन नदिएमा वा उपनियम (३) बमोजिम बोर्डले अवधि नबढाएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

२६. **<u>परियोजना हस्तान्तरण गर्नु पर्ने</u>**: (१) अनुमतिपत्रको अवधि अन्त्य भएमा अनुमतिपत्र बमोजिमको लगानीको परियोजना र सोसँग सम्बन्धित घरजग्गा, मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिए बमोजिम चालू हालतमा नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम हस्तान्तरण भएको परियोजना तथा सोसँग सम्बन्धित वस्तुको स्वामित्व नेपाल सरकारको हुनेछ ।

(३) उपनियम (२) बमोजिम हस्तान्तरण भएको परियोजनाको नेपाल सरकारले निर्धारण गरे बमोजिम सञ्चालन गरिनेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित लगानीकर्ताले नै सो उपनियम बमोजिम हस्तान्तरण भएको परियोजना सञ्चालन गर्न इच्छा गरेमा बोर्डसँग परामर्श गरी नेपाल सरकारले त्यस्तो लगानीकर्तासँग सो प्रयोजनका लागि परियोजना सञ्चालन सम्झौता गरी त्यस्तो सम्झौतामा उल्लिखित अवधिसम्मका लागि परियोजना संञ्चालन गर्न दिनेछ।

परिच्छेद-५

## लगानीलाई प्रदान गरिने सुविधा र संरक्षण

२७. **थप सुविधा उपलब्ध गराउनेः** (१) बोर्डले ऐनको दफा १७ को उपदफा (१) को प्रयोजनको लागि देहायका परियोजनाका विभिन्न ऐनको दफा १२ बमोजिम प्राप्त हुने सुविधाका अतिरिक्त थप सुविधा प्रदान गर्नेछः-

(क) २०० किलोमिटर भन्दा बढी लम्बाई भएको रेल्वे सेवा,

(ख) नेपाल सरकारले तोकेको प्राथमिकता प्राप्त द्रुतगत सडक,

(ग) पेट्रोलियम रिफाईनरी प्लान्ट,

(घ) अत्याधुनिक (स्टेट अफ आर्ट) प्रविधि प्रयोग गरी सञ्चालन गरेको पाँच सय शैया भन्दा बढी क्षमता भएको अस्पताल,

(ङ) दश किलोमिटर भन्दा बढी लम्बाई भएको भूमिगत मेट्रो रेल,

(च) दश किलोमिटर भन्दा बढी लम्बाई भएको मोनो रेल,

(छ) बोर्डबाट निर्धारित लम्बाई भएको सुरुङ्ग मार्ग,

(ज) ५०० मेगावाट भन्दा बढी जडित विद्युत उत्पादन क्षमता भएको जलासययुक्त (स्टोरेज) जलविद्युत परियोजना,

(झ) वार्षिक कम्तीमा तीन लाख मेट्रिक टन उत्पादन क्षमता भएको रासायनिक मल परियोजना,

(ञ) एकैपटक कम्तीमा पाँच हजार भन्दा बढी रोजगारी दिने परियोजना,

नेपाल कानून आयोग

(ट) बोर्डले निर्धारण गरेको क्षमताको उत्पादन गर्ने परियोजनाको कूल उत्पादन मध्ये कम्तीमा नब्बे प्रतिशत उत्पादन निकासी गर्ने परियोजना,

(ठ) बोर्डले यस उपनियमको प्रयोजनको लागि समय समयमा निर्धारण गरेको अन्य कुनै परियोजना ।

(२) उपनियम (१) बमोजिम प्रदान गर्ने थप सुविधा आवश्यकता अनुसार देहाय बमोजिम हुनेछन्:-

(क) परियोजना निर्माण गर्दाका बखत निर्माण सामग्रीमा लाग्ने पूँजिगत अनुदान,

(ख) परियोजना निर्माण वा सञ्चालन गर्दाका बखत प्रयोग हुने विद्युत महसुलको आंशिक अनुदान,

(ग) परियोजना निर्माण कार्यान्वयन गर्न सहुलियत दरमा वा निःशुल्क सरकारी वा सार्वजनिक जग्गा उपलब्ध गराउने व्यवस्था,

(घ) प्रचलित कानून बमोजिम पाउने छुटका अतिरिक्त थप कर छुट,

(ङ) पूँजी बजारमा कायम रहेको भन्दा कम व्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था,

(च) नेपाल सरकारको स्वामित्वमा रहेका मौजुदा पूर्वाधार संरचनाको निःशुल्क वा सहुलियत शुल्क दरमा प्रयोग गर्न पाउने व्यवस्था,

(छ) बोर्डले समय समयमा निर्धारण गरेका अन्य आर्थिक सुविधा ।

(३) उपनियम (२) बमोजिमका सुविधा प्रदान गर्नु अघि बोर्डले नेपाल सरकारको सम्बन्धित निकायको सहमति लिनु पर्नेछ ।

२८. **सुविधा उपयोग गर्ने अवधिः** ऐन बमोजिम अनुमति प्राप्त लगानीलाई सो ऐनको दफा १७ को उपदफा (२) बमोजिम उपलब्ध गराईएको सुविधा सम्बन्धित परियोजनाको प्रकृति बमोजिम बोर्डले समय समयमा निर्धारण गरेको अवधिसम्मका लागि कायम रहनेछ ।

२९. **सुविधा रद्द गर्न सकिने**: (१) बोर्डले ऐन बमोजिम लगानी गर्न अनुमति दिँदाका बखत वा त्यसपछि जुन प्रयोजनको लागि सो ऐन बमोजिम परियोजनालाई सुविधा दिईएको हो लगानीकर्ताले सोही प्रयोजनको लागि मात्र उपयोग गर्नु पर्नेछ ।



नेपाल कानून आयोग

(२) उपनियम (१) प्रतिकूल हुने गरी सो ऐन बमोजिम प्राप्त हुने सुविधा उपयोग गरेमा त्यस्तो सुविधाको दुरुपयोग भएको मानिनेछ।

(३) कुनै लगानीकर्ताले ऐन बमोजिम परियोजनालाई प्राप्त हुने सुविधा उपनियम (२) बमोजिम दुरुपयोग गरेको उजूरी परेमा वा बोर्डलाई त्यस्तो सुविधाको दुरुपयोग भएको विश्वास गर्नु पर्ने कारण उत्पन्न भएमा बोर्डले सो कुराको यकिन गर्न एक स्वतन्त्र विशेषज्ञको संयोजकत्वमा नेपाल सरकार र नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि रहेको एक छानवीन समिति गठन गर्नेछ।

(४) उपनियम (३) बमोजिम गठन भएको समितिको कार्यक्षेत्रगत शर्तहरू (टम्स अफ रिफेरेन्स) गठन गर्दाका बखत बोर्डले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपनियम (३) बमोजिम गठन भएको छानवीन समितिले सम्बन्धित परियोजना स्थलमा नै परियोजनाको काम कारबाही अध्ययन गरी ऐन बमोजिम प्राप्त भएका सुविधाको दुरुपयोग भए वा नभएको यकिन गरी बोर्ड समक्ष प्रतिवेदन दिनेछ।

(६) उपनियम (५) बमोजिम प्रतिवेदन प्राप्त गर्दा सम्बन्धित परियोजनाबाट ऐन बमोजिम प्राप्त सुविधाको दुरुपयोग भएको देखिएमा त्यस्तो सुविधा रद्द नगर्नु पर्ने सम्बन्धमा कुनै कारण र आधार भए सोको सफाई पेश गर्न सात दिनको म्याद दिई सम्बन्धित लगानीकर्ताबाट स्पष्टीकरण माग गर्नेछ।

(७) उपनियम (६) बमोजिम दिईएको म्यादभित्र स्पष्टीकरण पेश नभएमा वा पेश भएको स्पष्टीकरण मनासिब नदेखिएमा त्यस्तो परियोजनाका लागि लगानीको अनुमतिपत्र दिंदाका बखत ऐन बमोजिम दिइएका सुविधा बोर्डले रद्द गर्नेछ।

(८) उपनियम (७) बमोजिम बोर्डले ऐन बमोजिम दिइएको सुविधा रद्द गरेमा दुरुपयोग गरेको हदसम्मको सुविधाको क्षतिपूर्ति सम्बन्धित लगानीकर्ताबाट नेपाल सरकारलाई भराउनु पर्नेछ।

३०. **<u>लगानीको संरक्षण</u>**: (१) ऐनको दफा १८ को उपदफा (२) बमोजिम अनुमति पाएको कुनै पनि लगानीलाई त्यस्तो लगानी बमोजिम सञ्चालन भएको परियोजना स्थलको लगानीको प्रकृति बमोजिम बोर्डले समय समयमा निर्धारण गरेको क्षेत्र वा दूरीभित्र सोही प्रकृतिको अर्को लगानीलाई सम्झौतामा उल्लेख भएको अवधिसम्मका लागि अनुमति दिईने छैन।

(२) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक ऐन बमोजिम अनुमति प्राप्त विदेशी लगानीलाई राष्ट्रिय व्यवहार प्रदान गरिनेछ।

परिच्छेद-६

## कार्यकारी प्रमुख सम्बन्धी व्यवस्था

३१. **कार्यकारी प्रमुखको छनौट सम्बन्धी कार्यविधिः** (१) कार्यकारी प्रमुखको नियुक्तिको लागि उपयुक्त उमेद्वार छनौट गरी नाम सिफारिस गर्न ऐनको दफा १३ को उपदफा (४) बमोजिमको सिफारिस समितिले कम्तीमा पन्ध्र दिनको म्याद दिई राष्ट्रिय स्तरका कम्तीमा तीनवटा दैनिक समाचारपत्रमा उमेदवारहरूको प्रतिस्पर्धाका लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचनामा अन्य कुराको अतिरिक्त कार्यकारी प्रमुखको कार्यविवरण र सम्बन्धित उम्मेदवार कार्यकारी प्रमुख पदमा नियुक्त भएमा निजको कार्य अवधिभित्र बोर्ड तथा कार्यालयमा निजले गर्न सक्ने कार्य योजनाको प्रारुप पेश गर्न सम्भावित उमेदवारहरूबाट प्रस्ताव आव्हान गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रस्ताव आव्हान भएकोमा सम्भावित उम्मेदवारले निज छनौटको लागि सिफारिस भई नियुक्ति भएमा निजले कार्यान्वयन गर्ने रणनीति र कार्ययोजनाको प्रस्ताव सहित देहायको विवरण संलग्न गरी अनुसूची-७ बमोजिमको ढाँचामा निवेदन सिफारिस समितिको सचिवालयमा पेश गर्नु पर्नेछः-

(क) ऐनको दफा १३ को उपदफा (३) बमोजिम निजको योग्यता पुगेको विवरण,

(ख) निजले हासिल गरेको कार्य अनुभवको विवरण,

(ग) निजको वैयक्तिक विवरण ।

(४) उपनियम (३) बमोजिम प्रस्ताव पेश गर्दा सम्भावित उम्मेदवारले आफ्नो प्रस्तावमा देहायका कुराहरू उल्लेख गर्नु पर्नेछः-

(क) ऐनको उद्देश्य बमोजिम कार्यकारी प्रमुखको हैसियतमा कार्य सम्पादन गर्दा पुऱ्याउन सक्ने समग्र योगदान र सोको अवधारणा,

(ख) लगानी बोर्डको व्यावसायिक कार्यक्रम, योजना र कार्ययोजनाको प्रारुप,

नेपाल कानून आयोग

(ग) लगानी बोर्डलाई ऐनको उद्देश्य अनुरुप अगाडी बढाउने रणनीतिको प्रारुप,

(घ) कार्यकारी प्रमुख पदमा निजको दावीको आधार, कार्य सम्पादन गर्न सक्ने विश्वसनीय आधार र सोको पुष्ट्याई ।

(५) उपनियम (३) र (४) बमोजिम पेश भएको प्रस्तावको मूल्याङ्कन सिफारिस समिति आफैं वा सिफारिस समितिबाट नियुक्त कम्तीमा तीन जना विशेषज्ञ रहेको विशेषज्ञ समितिबाट हुनेछ ।

(६) उपनियम (५) बमोजिम मूल्याङ्कन गर्दा योग्यता (मेरिट क्रम) अनुसार उपयुक्त देखिएको कम्तीमा तीन जना उम्मेदवारहरूको नाम सो समितिले सूचीकृत गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम सूचीकृत भएका उम्मेदवारहरूले सिफारिस समिति र उपनियम (५) बमोजिम विशेषज्ञ समिति गठन गरेको भए त्यस्तो समिति समक्ष उपनियम (४) को खण्ड (ख) बमोजिमको विषय प्रस्तुत गर्नु पर्नेछ ।

(८) उपनियम (७) बमोजिमको प्रस्तुतिका अतिरिक्त सिफारिस समिति वा विशेषज्ञ समितिले सम्बन्धित उम्मेदवारसँग रणनीतिगत छलफल (स्ट्राटेजिक डिस्कशन) गर्न वा निजसँग अन्तवार्ता लिनु पर्नेछ ।

(९) उपनियम (७) बमोजिमको प्रस्तुति र उपनियम (८) बमोजिमको छलफल तथा अन्तरवार्ताबाट मूल्याङ्कन गर्दा सबभन्दा बढी उपयुक्त देखिएका तीन जना उम्मेदवारलाई सिफारिस समितिले कार्यकारी प्रमुख पदमा नियुक्तिका लागि नेपाल सरकार, मन्त्रिपरिषद समक्ष सिफारिस पेश गर्नेछ ।

(१०) उपनियम (९) बमोजिम उम्मेदवारहरू सिफारिस गर्दा देहायको अंक भारका आधारमा सिफारिस समितिले मूल्याङ्कन गरी सिफारिस गर्नु पर्नेछ :-

(क) उमेदवारको योग्यता तथा अनुभव - १५ अंक

(ख) प्रस्तावित व्यावसायिक कार्यक्रम, योजना र कार्य योजनाको प्रारुप - ५० अंक

(ग) रणनीतिगत छलफल वा अर्न्तर्वाता वा दुवै - २५ अंक

(घ) उमेदवारको नैतिकता, समाजमा कायम रहेको प्रतिष्ठा तथा व्यक्तित्व - १० अंक

(११) सिफारिस समितिले सम्भव भएसम्म सर्व सम्मतिको आधारमा उम्मेदवारहरूको छनौट गर्नेछ र सर्व सम्मति कायम हुन नसकेमा कम्तीमा दुई जना सदस्यहरूको बहुमतबाट उमेदवारहरू छनौट गरी सिफारिस गर्नेछ ।

(१२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) बमोजिम निवेदन दिएका वा उपनियम (६) बमोजिम सूचीकृत भएको वा उपनियम (९) बमोजिम मूल्याङ्कन भएका उम्मेदवारहरूको संख्या तीन जना भन्दा कम भएमा उमेद्वार छनौट सम्बन्धी सम्पूर्ण कार्यविधि रद्द हुनेछ र उपनियम (१) बमोजिम पुनः सूचना प्रकाशन गर्नु पर्नेछ ।

(१३) सिफारिस समितिले कार्यकारी प्रमुखको उम्मेदवार छनौट सम्बन्धमा अपनाउने अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(१४) प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको आर्थिक तथा पूर्वाधार विकास महाशाखाले सिफारिस समितिको सचिवालयको रुपमा काम गर्नेछ ।

(१५) यो नियमावली प्रारम्भ हुँदाका बखत बहाल रहेको कार्यकारी प्रमुख यसै नियमावली बमोजिम नियुक्त भएको मानिनेछ ।

३२. **कार्य सम्पादन करार गर्नु पर्नेः** (१) ऐनको दफा १३ को उपदफा (५) बमोजिम कार्यकारी प्रमुखमा नियुक्त भएको व्यक्तिले निज नियुक्त भएको मितिले पैंतालीस दिनभित्र नेपाल सरकारसँग कार्य सम्पादन करार (परफरमेन्स कन्ट्राक्ट) गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको करारमा अन्य कुराको अतिरिक्त देहायको विषय उल्लेख गर्नु पर्नेछः-

(क) कार्यकारी प्रमुखले पूरा गर्नु पर्ने कामको विवरण तथा निजको जिम्मेवारी,

(ख) निजले पेश गरेको प्रस्तावमा उल्लिखित व्यावसायिक कार्यक्रम, योजना, रणनीति र कार्ययोजना र त्यसको कार्यान्वयनको विवरण र सोको समय सीमा,

(ग) खण्ड (क) र (ख) बमोजिमको कार्य सम्पादनको मापन गर्न सकिने गरी तयार गरिएको सूचक वा उपलब्धिको परिमाण,

(घ) कार्य सम्पादनको गुणस्तर ।

(३) उपनियम (१) बमोजिम कार्य सम्पादन करार भएकोमा कार्यकारी प्रमुखले त्यस्तो करारमा उल्लेखित समय सीमाभित्र कार्य सम्पादनका सूचक वा उपलब्धि हासिल भएको देखिने गरी कार्य सम्पादन गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सम्पादन भएको कार्य सम्पादनको उपलब्धि तथा त्यसको गुणस्तरका सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गर्न बोर्डले तीन जना सदस्य रहेको विशेषज्ञ समिति गठन गर्नेछ ।

(५) उपनियम (४) बमोजिमको विशेषज्ञ समितिले कार्यकारी प्रमुखबाट सम्पादन भएको कामको परिमाण र उपलब्धि वा त्यसको गुणस्तर, कार्य सम्पादन करारमा उल्लिखित समय सीमा वा स्तर बमोजिम भए वा नभएको मूल्याङ्कन गरी नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नेछ ।

(६) उपनियम (५) बमोजिम प्रतिवेदन पेश गर्नु अघि विशेषज्ञ समितिले कार्यकारी प्रमुखसँग कार्य सम्पादनको परिमाण र त्यसको गुणस्तरका सम्बन्धमा अन्तरक्रिया गर्नु पर्नेछ ।

(७) उपनियम (५) बमोजिम कार्यकारी प्रमुखबाट सम्पादन भएको कामको मूल्याङ्कन गर्दा निजले कार्य सम्पादन करार बमोजिमको समय सीमाभित्र वा त्यस्तो करार बमोजिमको परिमाण र गुणस्तरको काम सम्पादन गरेको नदेखिएमा निजले कार्य सम्पादन करार बमोजिम कार्य सम्पादन नगरेको मानिनेछ ।

(८) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि काबू बाहिरको परिस्थिति उत्पन्न भई कार्यकारी प्रमुखले सम्पादन गर्नु पर्ने कार्य निर्धारित समय सीमाभित्र निर्धारित परिमाण र गुणस्तरमा सम्पादन गर्न नसकेमा कार्यकारी प्रमुखले सोही व्यहोराको विवरण उपनियम (५) बमोजिम प्रतिवेदन पेश गर्नु अघि विशेषज्ञ समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(९) उपनियम (८) बमोजिम पेश भएको विवरण मनासिव देखिएमा काबू बाहिरको परिस्थिति उत्पन्न भई जति अवधि कार्य सम्पादन हुन नसकेको हो सो अवधि

कटाई बाँकी अवधिभित्र भएको कार्य सम्पादनको उपलब्धि, परिमाण र गुणस्तरको आधारमा कार्यकारी प्रमुखको कार्य सम्पादन मूल्याङ्कन गरिनेछ।

३३. **कार्यकारी प्रमुखको अन्य काम, कर्तव्य र अधिकारः** (१) ऐनको दफा १४ मा उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी प्रमुखको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यालय सञ्चालन गर्ने तथा कार्यालयको दैनिक प्रशासन गर्ने,

(ख) बोर्डबाट स्वीकृत दरबन्दी बमोजिमका कर्मचारी नियुक्ति गर्ने,

(ग) बोर्डबाट भएका निर्णय वा निर्देशन कार्यान्वयन गर्न वा गराउन कर्मचारीहरूलाई आवश्यक निर्देशन दिने,

(घ) ऐन वा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक बोर्ड वा कार्यालयको तर्फबाट गर्नु पर्ने काम तथा कर्तव्य पूरा गर्ने तथा अधिकार प्रयोग गर्ने,

(ङ) नेपाल सरकारबाट बोर्डको लागि प्राप्त आवश्यक रकमको प्रचलित कानून बमोजिम प्रयोग गर्ने, खर्च गर्ने वा सो रकमबाट सार्वजनिक खरिद गर्ने,

(च) बोर्डको जायजेथा वा सम्पत्तिको फेहरिस्त तयार गरी त्यसको अद्यावधिक गर्ने,

(छ) ऐनको दफा ५ बमोजिम बोर्डबाट गर्नु पर्ने देहायका विषयमा मसौदा तयार गरी छलफल तथा स्वीकृतिको लागि बोर्ड समक्ष पेश गर्नेः-

(१) खण्ड (क) मा उल्लेखित नीतिको मसौदा,

(२) खण्ड (ङ) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेखित कार्यविधिको मसौदा,

(३) खण्ड (च) मा उल्लेखित परियोजना विश्लेषणका मापदण्ड तथा लगानीका शर्त निर्धारण सम्बन्धी मसौदा,

नेपाल कानून आयोग

(ज) बोर्डले बनाउने निर्देशिका वा कार्यविधिको मसौदा स्वीकृतिका लागि बोर्ड समक्ष पेश गर्ने ।

३४. **कार्यकारी प्रमुखलाई हटाउन सकिने:** (१) नियम ३२ को उपनियम (७) बमोजिम कार्य सम्पादन करार बमोजिम कार्य सम्पादन गर्न नसकेमा कार्यकारी प्रमुखको कार्य सम्पादनको स्तर सन्तोषजनक नभएको मानिनेछ र सोही आधारमा निजलाई नेपाल सरकारले सो पदबाट हटाउनेछ ।

(२) उपनियम (१) बमोजिम निजलाई सो पदबाट हटाउनु परेमा हटाउनु नपर्ने कुनै कारण भए सात दिनभित्र पेश गर्न नेपाल सरकारले सफाईको मौका दिई निजबाट स्पष्टीकरण माग गर्नेछ ।

(३) उपनियम (२) बमोजिम सफाईको मौका दिई स्पष्टीकरण माग गरेकोमा कार्यकारी प्रमुखले निर्धारित अवधिभित्र निजलाई हटाउन नपर्ने कारण सहितको स्पष्टीकरण नेपाल सरकारका मुख्य सचिव मार्फत नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पेश गरेको स्पष्टीकरण सन्तोषजक देखिएमा नेपाल सरकार, मन्त्रिपरिषदले कार्यकारी प्रमुखको कार्य सम्पादन स्तरमा कार्य सम्पादन करार अनुकुल हुने गरी सुधार गर्न तीन महिनासम्मको समय दिनेछ ।

(५) उपनियम (३) बमोजिम स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा वा उपनियम (४) बमोजिम दिएको समयसीमाभित्र कार्यकारी प्रमुखको कार्य सम्पादनको स्तरमा सुधार नआएमा नेपाल सरकार, मन्त्रिपरिषद्ले निजलाई सो पदबाट हटाउनेछ ।

परिच्छेद-७

## विविध व्यवस्था

३५. **सदस्यलाई हटाउन सकिने:** (१) ऐनको दफा ३ को खण्ड (झ) बमोजिम मनोनीत सदस्यको कार्य सम्पादनस्तर सन्तोषजनक हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सदस्यको कार्य सम्पादन स्तर सन्तोषजनक नभएमा निजलाई सदस्यको पदबाट हटाउनु नपर्ने कुनै कारण भए सात दिनभित्र पेश गर्न प्रधानमन्त्रीले त्यस्तो सदस्यबाट स्पष्टीकरण माग गर्नेछ ।

(३) उपनियम (२) बमोजिम स्पष्टीकरण माग भएकोमा निर्धारित अवधिभित्र निजले स्पष्टीकरण नदिएमा वा दिएको स्पष्टीकरण मनासिव नदेखिएमा प्रधानमन्त्रीले निजलाई सदस्य पदबाट हटाउन सक्नेछ ।

३६. **सल्लाहकार समूह, विशेषज्ञ समिति वा कार्यदलः** (१) ऐनको दफा ६ को उपदफा (३) वा दफा ८ को प्रयोजनको लागि कार्यालयले सल्लाहकार समूह, विशेषज्ञ समिति वा कार्यदल गठन गर्दा देहायका क्षेत्रमा सल्लाहकार समूह भए कम्तीमा पन्ध्र वर्ष र विशेषज्ञ समिति वा कार्यदल भए कम्तीमा पाँच वर्ष अनुभव हासिल गरेका विशेषज्ञ रहेको सल्लाहकार समूह, विशेषज्ञ समिति वा कार्यदल गठन गर्नेछः-

(क) इजिनियरिङ्ग

(ख) पूर्वाधार संरचना निर्माण वा सञ्चालन,

(ग) चिकित्साशास्त्र,

(घ) सूचना प्रविधि वा सञ्चार,

(ङ) लेखा तथा लेखापरीक्षण,

(च) व्यवस्थापन, वाणिज्यशास्त्र, अर्थशास्त्र, बैकिङ्ग वा वीमा,

(छ) अन्तर्राष्ट्रिय कानून, कर्पोरेट वा वाणिज्य कानून,

(ज) वन तथा वन्यजन्तु संरक्षण,

(झ) कृषि,

(ञ) वातावरण संरक्षण,

(ट) व्यापार प्रशासन,

(ठ) वित्त विश्लेषक वा परियोजना विश्लेषक

(ड) बौद्धिक सम्पति,

(ढ) बोर्डले तोकेको अन्य क्षेत्र ।

तर अन्तर्राष्ट्रिय अन्तरसरकारी वित्तीय संस्था वा विदेशी वित्तीय संस्था वा पूर्वाधार संरचनाको निर्माण वा सञ्चालनमा काम गरेको भए कम्तीमा पाँच वर्षको अनुभव भए पनि सल्लाहकार समूहमा नाम समावेश गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम सल्लाहकार समूह, विशेषज्ञ समिति वा कार्यदल गठन गर्नको लागि कार्यालयले सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको सूची खडा गरी त्यस्तो सूची अद्यावधिक गर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूची तयार गर्न कार्यालयले समय समयमा सार्वजनिक सूचना प्रकाशन गरी सम्बन्धित विशेषज्ञको वैयक्तिक विवरण माग गर्नेछ ।

(४) यस नियमावली बमोजिम राखिएको सूचीमा समावेश भएको व्यक्ति तीन वर्षसम्मका लागि कायम रहनेछ र त्यसपछि निजको नाम कार्यालयबाट अद्यावधिक गर्नु पर्नेछ ।

(५) सल्लाहकार समूह, विशेषज्ञ समिति वा कार्यदलका सदस्यको पारिश्रमिक तथा अन्य सुविधा त्यस्तो समूह, समिति वा कार्यदल गठन गर्दाका वखत निर्धारण भए बमोजिम हुनेछ ।

३७. **नेपाल सरकारबाट अनुदान प्राप्त हुने**: यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै परियोजना कार्यान्वयन गर्ने क्रममा त्यसको अध्ययन गर्दा वा परियोजना विश्लेषण गर्दा वित्तीय दृष्टिकोणबाट परियोजना सम्भाव्य नदेखिएको तर राष्ट्रिय दृष्टिकोणबाट परियोजना कार्यान्वयन गर्न अत्यावश्यक देखिएकोमा बोर्डको पूर्व स्वीकृति लिई त्यस्तो परियोजना कार्यान्वयन गर्दा नपुग भएको रकम (भाएविलिटी ग्याप फण्डिङ्ग) बोर्डले निर्धारण गरेको शर्तमा नेपाल सरकारले अनुदान स्वरुप उपलब्ध गराउने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३८. **सोधभर्ना गर्नु पर्ने**: यस नियमावली बमोजिम कुनै लगानीकर्तालाई लगानी गर्न अनुमति दिइएको परियोजना विश्लेषण वा मूल्याङ्कन गर्न कुनै विशेषज्ञ, स्वदेशी वा विदेशी परामर्शदाता वा सल्लाहकार नियुक्ति गरिएकोमा वा तोकिएकोमा त्यस्तो विशेषज्ञ, परामर्शदाता वा सल्लाहकारको सेवा शुल्क सम्बन्धित लगानीकर्ताले सोधभर्ना गर्नु पर्नेछ ।

३९. **परियोजना विकास सम्झौता**: (१) बोर्डले परियोजना लगानीका सम्बन्धमा लगानीकर्तासँग हुने सम्झौताको नमूना परियोजना विकास सम्झौता (प्रोजेक्ट डेभलपमेन्ट एग्रिमेन्ट) विकास गरी सार्वजनिक गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सम्झौतालाई आधार मानी बोर्डले लगानीकर्तासँग लगानीको सम्बन्धमा वार्ता गरी लगानी सम्झौता गर्नेछ ।

४०. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) बोर्डको प्रयोजनको लागि कार्यालयमा आवश्यक संख्यामा कर्मचारी रहने छन् ।

(२) उपनियम (१) बमोजिमका कर्मचारीको दरबन्दी संख्या तथा संगठनात्मक संरचना (अर्गनोग्राम) नेपाल सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ ।

(३) नेपाल सरकारले उपनियम (१) बमोजिमका कर्मचारी निजामती सेवाबाट वा सार्वजनिक संस्थानबाट उपलब्ध गराउनेछ । यसरी उपलब्ध हुने कर्मचारीहरूको पारिश्रमिक र सुविधा बोर्डले निर्धारण गरे अनुसार हुनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कर्मचारीहरू बोर्डको स्वीकृति लिई कार्यालय आफैले सेवा करारमा नियुक्ति गर्न सक्नेछः-

(क) विशेषज्ञ, सल्लाहकार वा परामर्शदाता,

(ख) कार्यालयको सचिवालयमा काम गर्ने (निजी सचिव, कार्यालय सचिव, रिसेप्सनिष्ट) कर्मचारी

(ग) कम्प्यूटर अपरेटर,

(घ) हलुका सवारी चालक, मेसेन्जर, कार्यालय सहयोगी वा सो सरहका अन्य कर्मचारी ।

४१. **बाधा अड्चन फुकाउने कार्यविधिः** (१) ऐन कार्यान्वयन गर्दा कुनै बाधा अड्चन देखा परेमा कार्यकारी प्रमुखले बाधा अड्चन परेको विषयलाई बोर्ड समक्ष पेश गर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरेको विषय अध्ययन गर्दा बाधा अड्चन परेको बोर्डले ठहर गरेमा बाधा अड्चन फुकाउनु पर्ने विषय सहित ऐनको दफा १९ बमोजिम आदेश जारी गर्न नेपाल सरकार समक्ष अनुरोध गर्नु पर्नेछ ।

अनुसूची-१

**(नियम १७ को उपनियम (१) सँग सम्बन्धित)**

श्री लगानी बोर्ड,

नेपाल सरकार

काठमाडौ ।

**विषयः परियोजना लगानीको अनुमति ।**

म / हामी निवेदक लगानी बोर्ड ऐन, २०६८ को दफा ९ को उपदफा (१) अन्तर्गतको देहायको परियोजनामा लगानी गरी सो ऐन बमोजिम कार्यान्वयन गर्ने लगानी अनुमतिपत्र पाउन लगानी बोर्ड नियमावली, २०६८ को नियम १७ को उपनियम (१) बमोजिम सोही नियमको उपनियम (३) बमोजिम लाग्ने दस्तुर दाखिला गरी निवेदन गरेको छु / छौं ।

**निवेदन विवरणः**

१. परियोजनाको संक्षिप्त विवरणः

२. लगानी बोर्ड नियमावली, २०६९ को नियम ११ को उपनियम (१) बमोजिमको विवरणः संलग्न गरिएको छ ।

३. निवेदन दस्तुरः नगद दाखिला गरेको भौचर/ ................ बैकमा रकम दाखिला गरेको भौचर संलग्न गरिएको छ ।

मितिः

निवेदक

हस्ताक्षरः

नामः

ठेगानाः

सम्पर्क सूत्रः (इमेल)

टेलिफोन



नेपाल कानून आयोग

अनुसूची-२

**(नियम १८ को उपनियम (१) सँग सम्बन्धित)**

नेपाल सरकार

लगानी बोर्ड

श्री (लगानीकर्ता/ व्यक्ति/कम्पनी/फर्म/संस्थाको नाम)

............................................................,

ठेगाना........................................................

**विषयः जानकारी ।**

....................................................... (परियोजनाको नाम) परियोजनामा लगानी गर्नका लागि मिति (निवेदन दर्ता मिति) मा लगानी बोर्ड ऐन, २०६८ को दफा १० को उपदफा (१) बमोजिम दिनु भएको निवेदन उपर कारबाही हुँदा लगानी बोर्डबाट भएको मिति..................... (बोर्डको मिति) को निर्णय अनुसार देहायको परियोजनामा देहायको शर्त सहित (कुनै शर्त तोकिएको भए) लगानी गर्न स्वीकृति दिईएको / स्वीकृति नदिइएको व्यहोरा लगानी बोर्ड ऐन, २०६८ को दफा १० को उपदफा (५) को प्रयोजनका लागि लगानी बोर्ड नियमावली, २०६९ को नियम १८ को उपनियम (१) बमोजिम जानकारी गराईएको छ ।

परियोजनाको विवरणः

१. परियोजनाको नामः

२. परियोजना निर्माण तथा कार्यान्वयन गरिने ठाउँः

३. लगानीका शर्तहरूः

बोधार्थः

१.

२.

३

(हस्ताक्षर)

(कार्यकारी प्रमुखको नाम)

कार्यकारी प्रमुख

**द्रष्टव्यः** यस ढाँचामा लगानी बोर्ड रहने ठाउँ र कार्यकारी प्रमुखको नाम आवश्यकता अनुसार राख्न सकिनेछ ।

अनुसूची-३

**(नियम १९ को उपनियम (४) सँग सम्बन्धित)**

नेपाल सरकार

लगानी बोर्ड

**लगानी अनुमतिपत्र ।**

नेपाल सरकार, लगानी बोर्डको मिति......................(बोर्डबाट निर्णय भएको मिति उल्लेख गर्ने को निर्णय बमोजिम श्री...................................(लगानीकर्ता/व्यक्ति/कम्पनी/फर्म/संस्थाको नाम र ठेगाना उल्लेख गर्ने) लाई ............................................... (परियोजना रहने ठाउँ उल्लेख गर्ने) मा.....................................(परियोजनाको नाम उल्लेख गर्ने) परियोजनामा लगानी गर्न स्वीकृति दिइएकोले लगानी बोर्ड ऐन, २०६८ को दफा १० को उपदफा (९) तथा लगानी बोर्ड नियमावली, २०६९ को नियम १९ को उपनियम (४) बमोजिम यो अनुमतिपत्र दिइएको छ ।

........................

मितिः ........................ कार्यकारी प्रमुख

नेपाल कानून आयोग

अनुसूची- ४

**(नियम २३ को उपनियम (३) सँग सम्बन्धित)**

## वातावरणीय प्रभाव अध्ययन वा प्रभाव मूल्याङ्कन प्रतिवेदनको विषयवस्तु तथा ढाँचा

१. **लगानीकर्ता (प्रस्तावक) तथा निजको परामर्शदाताको नाम र ठेगाना**

२. **प्रतिवेदनको सारांश:** वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रतिवेदनमा उल्लेख भएका कुराहरूको संक्षिप्त विवरण (नेपाली तथा अंग्रजीमा)।

३. **प्रस्तावको विवरण:**

(क) प्रस्तावको सामान्य परिचय

(ख) प्रस्तावको उदेश्य

(ग) वातावरणीय अध्ययनको औचित्य (Rationality)

(घ) वातावरणीय प्रभाव अध्ययनको उद्देश्य

(ङ) प्रस्तावको प्राविधिक, वातावरणीय, भौगर्भिक, भू-भौतिक, साँस्कृतिक, जैविक तथा सामाजिक-आर्थिक पक्ष उल्लेख गर्ने।

४. **नीतिगत तथा कानूनी व्यवस्थाको समीक्षा:** प्रस्तावको प्रकृति र स्तरका आधारमा आकर्षित हुने/सान्दर्भिक नीति तथा ऐन नियमहरूका सम्बन्धित प्रावधान मात्र ६ वटा शीर्षकमा छोटकरीमा समीक्षा गर्ने।

५. **वर्तमान वातावरणीय अवस्था तथा वस्तुस्थितिको आधारभूत जानकारी (Baseline/ Existing Environmnetal conditions)**:

(क) भौतिक वातावरणीय अवस्था:-

(ख) जैविक वातावरणीय अवस्था:-

(ग) सांस्कृतिक/सामाजिक-आर्थिक वातावरणीय अवस्था:-

(यसमा वातावरणीय अध्ययन गरिएको/गरिने क्षेत्रको भू-भौतिक, साँस्कृतिक, जैविक तथा सामाजिक, आर्थिक परिस्थितिको अनुसन्धानमूलक तथा तथ्याङ्कमूलक आधारभूत जानकारी



नेपाल कानून आयोग

उल्लेख गर्ने (प्रभाव पर्न सक्ने क्षेत्रलाई प्रत्यक्ष र अप्रत्यक्ष प्रभावित क्षेत्रमा वर्गीकरण सहित)

६. **प्रस्तावको विकल्प विश्लेषण:** देहायको विषयमा विश्लेषण गर्नु पर्ने :-

(क) प्रस्तावको डिजाइन, आयोजना स्थल, प्रविधि र सञ्चालन विधि, समय तालीका, प्रयोग हुने कच्चा पदार्थ आदिको विषयमा।

(ख) प्रस्ताव कार्यान्वयन गर्दा आवश्यक पर्ने स्थिर पूँजी र चालू पूँजी, स्थानीय अनुकूलता, संस्थागत तालिम र सुपरीवेक्षणको आवश्यकताहरूका आधारमा तुलना गर्ने र सम्भव भएसम्म प्रत्येक वैकल्पिक उपायको वातावरणीय लागत प्रतिफल तथा आर्थिक महत्वको बारेमा।

(ग) प्रस्ताव कार्यान्वयन गर्दा पर्ने अल्पकालीन, मध्यकालीन र दीर्घकालीन प्रतिकूल असरहरू।

(घ) प्रस्ताव कार्यान्वयन गर्दा प्रयोग हुने ऊर्जा र त्यस्तो ऊर्जा बचत गर्न अपनाइने उपायहरू।

(ङ) प्रस्ताव कार्यान्वयन नगरेमा हुन सक्ने परिणामको विश्लेषण।

७. **प्रस्ताव कार्यान्वयन तथा सञ्चालनबाट वातावरणमा प्रभाव पर्ने सवालहरू:**

(१) (क) पहिचान भएका सवालहरू

(ख) उठान भएका सवालहरू

(ग) अनुमान गरिएका सवालहरू

(२) प्रभाव मूल्याङ्कनको लागि वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनमा प्राथमिकता दिइएका सवालहरूको सूची (खण्ड ७ (१) को (क), (ख) र (ग) बाट छनौट भएका)

(३) वातावरणीय सवालहरू, यसबाट पर्ने प्रभावहरू तथा निराकरण/न्यूनीकरणका उपायहरू:

(यसमा सवालहरूबाट पर्न सक्ने प्रभावहरू, प्रभावको मूल्याङ्कन, यसको उल्लेखनीयता, उपचार, निराकरण/न्यूनीकरण) का उपायहरू र उपचार खर्च समेत उल्लेख भएको निम्न तालिका बमोजिमको म्याट्रिक्स तालिका (matrix

table) मा प्रस्तुत गर्ने (भौतिक, जैविक, सामाजिक- आर्थिक –निर्माण चरण र सञ्चालन चरण)

**प्रभाव मूल्याङ्कन तथा उपचारात्मक तालिका (Impact Evaluation & Mitigation matrix table)**

पूर्व-निर्माण, निर्माण तथा संचालन चरण (सकारात्मक) :

| क.सं. | सवालहरू | प्रभावहरू | मूल्याङ्कन स्थिति | | | | | Enhancement Measures (बढोत्तरीका उपाय | Enhancement Cost (बढोत्तरी खर्च) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Magnitude (मात्रा) | Extent (फैलावट) | Duration (समयावधि) | Total score (जम्मा स्कोर) | Significance (उल्लेखनियता) | | | |
| १ | १ | क<br>ख<br>ग | | | | | | | | |
| २ | २ | क<br>ख<br>ग | | | | | | | | |

नेपाल कानून आयोग

पूर्व-निर्माण, निर्माण तथा संचालन चरण (नकारात्मक) :

| क.सं. | सवालहरू | प्रभावहरू | मूल्याङ्कन स्थिति | | | | | Enhancement Measures (बढोत्तरीका उपाय | Enhancement Cost (बढोत्तरी खर्च) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Magnitude (मात्रा) | Extent (फैलावट) | Duration (समयावधि) | Total score (जम्मा स्कोर) | Significance (उल्लेखनियता) | | | |
| १ | १ | क<br>ख<br>ग | | | | | | | | |
| २ | २ | क<br>ख<br>ग | | | | | | | | |

८. वातावरणीय व्यवस्थापन योजना:

(क) वातावरणीय संरक्षणका उपायहरू कार्यान्वयन योजना (तालिका/Flowchart/ Schematic way मा प्रस्तुत गर्ने )

(ख) वातावरणीय अनुगमन प्रकिया (Text तथा तालिकामा)

(ग) वातावरणीय परिक्षण

(घ) वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि Organization & staffing

(ङ) वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि अनुमानित वजेट

९. निष्कर्ष तथा सिफारिस

– सन्दर्भ सामग्री

– अनुसूचीहरू

१) उद्घोषण (Declarations) (अनुसूची -५ बमोजिमका)

२) सार्वजनिक सुनुवाईको सूचना र प्रमाण तथा मुचुल्काहरू

३) सम्बन्धित गा.वि.स. वा नगरपालिकाहरूको सिफारिस पत्र

नेपाल कानून आयोग

अनुसूची- ५

( नियम २३ को उपनियम (४) सँग सम्बन्धित)

## वातावरणीय प्रभाव अध्ययन वा वातावरणीय प्रभाव मूल्याङ्कन तयार गर्ने टोलीका सदस्यहरूबाट भएको उद्घोषण (Declarations)

### 1. LIST OF EIA TEAM MEMBERS

**Title of the EIA Report:**

**Name/Address of the Project Proponent:**

| Name/Position in EIA Team | Qualification | Area(s) of study in EIA | Signature & Date |
|---|---|---|---|
| | | | |
| | | | |

नेपाल कानून आयोग

### 2. DECLARATION FROM EIA STUDY TEAM MEMBERS

**Title of the EIA Report:**

**Name/Address of the Project Proponent:**

I declare the following:

(i) I have conducted the study professionally using acceptable and standard methodologies;

(ii) The study findings are correct to the best of my knowledge; and have not been altered in any manner;

(iii) The mitigating measures proposed, to the best of my knowledge, are reliable, practical and adequate to comply with the relevant legal requirements; and

(iv) I shall be accountable for any misleading information in the part of this report related to my area(s) of study.

Signature: Official stamp:

Name:

Date:

**Applicable only for EIA report*

3. **DECLARATION FROM EIA STUDY TEAM LEADER**

**Title of the EIA Report:**

**Name/Address of the Project Proponent:**

I declare the following:

(i) I have read and checked the content of this EIA report;

(ii) My study team members have conducted the study professionally using acceptable methodologies;

(iii) The study findings are correct to the best of my knowledge; and have not been altered in any manner;

***(iv)** The mitigating measures proposed are, to the best of my knowledge, reliable, practical and adequate to comply with the relevant legal requirements; and

(v) Myself and my team shall be accountable for any misleading information in any part of this report .

Signature: Official stamp:

Name:

Date:

*****_Applicable only for EIA report_

## 4. DECLARATION FROM PROJECT PROPONENT

**Title of the EIA Report:**

**Name/Address of the Project Proponent:**

I declare the following:

(i) I have provided correct and relevant information to the EIA Study Team;

(ii) I have allowed the EIA Study Team to conduct the EIA study professionally and independently;

(iii) I have read and understood the content of the EIA Report;

*****(iv) I agree to implement all enhancement/mitigating measures proposed in this EIA report; and

*****(v) I understand that additional enhancement/mitigating measures may also be imposed by the Ministry of Environment should the original mitigating measures proposed in this EIA report are found not to be adequate to comply with the relevant legal requirements.

Signature: Official stamp:

Name:

Date:

******Applicable only for EIA report*

अनुसूची - ६

**(नियम २३ को उपनियम (८) सँग सम्बन्धित)**

१. **वातावरणीय विज्ञ समितिको गठन**

| | | |
|---|---|---|
| (१) | प्रमुख, वातावरण महाशाखा, वातावरण मन्त्रालय | - अध्यक्ष |
| (२) | जैविक विज्ञ एक जना | - सदस्य |
| (३) | भौतिक विज्ञ एक जना | - सदस्य |
| (४) | सामाजिक शास्त्र विज्ञ एक जना | - सदस्य |
| (५) | प्रस्तावसँग मिल्दो प्रकृतिको विज्ञ दुई जना | - सदस्य |
| (६) | प्रमुख, कानून शाखा, वातावरण मन्त्रालय एक जना | - सदस्य |
| (७) | सम्बन्धित मन्त्रालयको प्रतिनिधि (रा. प. द्वि.) एक जना | - सदस्य |
| (८) | लगानी बोर्ड कार्यालयको प्रतिनिधि एकजना | - सदस्य |
| (९) | प्रमुख, वातावरण मूल्याङ्कन शाखा, वातावरण मन्त्रालय | - सदस्य -सचिव |

२. **वातावरणीय विज्ञ समितिको कार्यक्षेत्रगत शर्तहरू (टर्मश अफ रेफरेन्स) देहाय बमोजिम हुनेछः**

(१)

(२)

(३)

(४)

नेपाल कानून आयोग

अनुसूची-७

**(नियम ३१ को उपनियम (३) सँग सम्बन्धित)**

श्रीमान् संयोजकज्यू,

सिफारिस समिति,

लगानी बोर्ड ।

**विषयः प्रस्ताव पेश गरेको ।**

महोदय,

लगानी बोर्डको कार्यकारी प्रमुख पदमा नियुक्तिका लागि सिफारिस गर्न यस समितिबाट मिति .................. मा सार्वजनिक सूचना जारी भई प्रस्ताव आव्हान भएकोमा सो सूचनामा उल्लिखित अवधिभित्र नै सो पदमा नियुक्तिका लागि सिफारिस हुनका लागि लगानी बोर्ड नियमावली, २०६९ को नियम ३१ को उपनियम (३) र (४) मा उल्लिखित विवरण सहित यो प्रस्ताव पेश गरेको छु ।

**प्रस्तावसँग संलग्न विवरणः**

१.

२.

३.

४.

५.

६

निवेदक

हस्ताक्षरः

नाम :

ठेगानाः

सम्पर्क सुत्रः

मितिः



नेपाल कानून आयोग